# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१३ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

-------------------------------------------------------

जिल्ला मालपोत कार्यालय, सिरहामा कार्यरत प्रमुख मालपोत अधिकृत ज्ञानराज लम्सालले नक्सा सुधार गरी सहि क्षेत्रफल(ज.वि.) कायम गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटि गएको टोलीले निज ज्ञानराज लम्साललाई रु.४०,०००।-(चालिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज ज्ञानराज लम्सालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक ज्ञानराज लम्साललाई रु. ४०,०००।-(चालिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता